**Series : X4YZW**

**SET ~ 4**

रोल नं.
Roll No.

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**प्रश्न-पत्र कोड**
**Q.P. Code** **24**

परीक्षार्थी प्रश्न-पत्र कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें।
Candidates must write the Q.P. Code on the title page of the answer-book.

# नेपाली
# NEPALI

*निर्धारित समय : **3** घण्टे*
*Time allowed : **3** hours*

*अधिकतम अंक : **80***
*Maximum Marks : **80***

| **नोट / NOTE** | # |
|---|---|
| (I) | कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में मुद्रित पृष्ठ **11** हैं।<br>Please check that this question paper contains **11** printed pages. |
| (II) | प्रश्न-पत्र में दाहिने हाथ की ओर दिए गए प्रश्न-पत्र कोड को परीक्षार्थी उत्तर-पुस्तिका के मुख-पृष्ठ पर लिखें।<br>Q.P. Code given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate. |
| (III) | कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में **18** प्रश्न हैं।<br>Please check that this question paper contains **18** questions. |
| (IV) | **कृपया प्रश्न का उत्तर लिखना शुरू करने से पहले, उत्तर-पुस्तिका में यथा स्थान पर प्रश्न का क्रमांक अवश्य लिखें।**<br>**Please write down the Serial Number of the question in the answer-book at the given place before attempting it.** |
| (V) | इस प्रश्न-पत्र को पढ़ने के लिए 15 मिनट का समय दिया गया है। प्रश्न-पत्र का वितरण पूर्वाह्न में 10.15 बजे किया जाएगा। 10.15 बजे से 10.30 बजे तक परीक्षार्थी केवल प्रश्न-पत्र को पढ़ेंगे और इस अवधि के दौरान वे उत्तर-पुस्तिका पर कोई उत्तर नहीं लिखेंगे।<br>15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the candidates will read the question paper only and will not write any answer on the answer-book during this period. |

***General Instructions :***

*(i)* *Question paper is divided into **2** parts.*

*(ii)* *It has total **18** questions.*

*(iii)* ***Part One** : **2** questions no. **1** to **2**.*

*(iv)* ***Part Two** : **16** questions no. **3** to **18**.*

*Attempt questions as per specific instructions.*

*Write question no. in answer book before attempting it.*

**सामान्य निर्देश :**

*(i)* यो प्रश्न-पत्र दुई भागमा विभाजन गरिएको छ।

*(ii)* यसमा जम्मा **18** वटा प्रश्नहरू छन्।

*(iii)* भाग एकमा **(1)** प्रश्नसंख्या एक **(1)** देखि प्रश्नसंख्या दुई **(2)** सम्म।

*(iv)* भाग दुईमा **(2)** प्रश्नसंख्या तीन **(3)** देखि प्रश्नसंख्या अठारह **(18)** सम्म।

निर्देशन अनुसार प्रश्नका उत्तर दिनुपर्नेहुन्छ।

प्रश्नसंख्या उत्तरपुस्तिकामा लेख्न अनिवार्य छ।

## भाग एक

## वस्तुपरक प्रश्नहरू

**1.** *निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प चुनेर लेख्नुहोस्।* *12×1=12*

(i) छन्दशास्त्रका प्रवर्तक ______________ हुन् ।

(A) आचार्य पिङ्गल

(B) आचार्य भरतमुनि

(C) आचार्य भामह

(D) आचार्य भानुभक्त

(ii) 'शरण' शब्दमा ______________ हुन्छ।

(A) मगण।

(B) नगण।

(C) जगण।

(D) भगण।

(iii) छन्द शब्दको व्युत्पत्ति ______________ हो।

(A) छन्द + घञ्।

(B) छन्द् + अ।

(C) छद् + असन्।

(D) छ + अन्द।

(iv) ______________ भनेको छन्दयुक्त कविता पाठ गर्दा अड़ान वा रोकिने काम हो।

(A) गति।

(B) यतिभङ्ग।

(C) गतिभङ्ग।

(D) यति।

(v) अनुष्टुप छन्दमा लेखिएको रचनाको प्रत्येक चरणमा _____________ अक्षर हुन्छन्।

(A) आठवटा।

(B) बाह्रवटा।

(C) चारवटा।

(D) सत्रवटा।

(vi) प्रत्येक चरणमा चारवटा सगण छ भने कुन छन्द हुन्छ ?

(A) तोटक छन्द।

(B) शिखरिणी छन्द।

(C) अनुष्टुप छन्द।

(D) मात्रिक छन्द।

(vii) काव्यको आभूषणलाई _____________ भनिन्छ।

(A) छन्द।

(B) कथा।

(C) कविता।

(D) अलङ्कार।

(viii) अलङ्कार शब्द _____________-को व्यत्पत्तिबाट बनेको छ।

(A) अलङ्का + र।

(B) अलम् + कृ + घञ्।

(C) अ + लङ् + कार।

(D) अ + लम् + का + र।

(ix) काव्यमा शब्दको प्रयोगद्वारा उत्पन्न हुने वैचित्र्य, चमत्कार र सौन्दर्यलाई _____________ भनिन्छ।

(A) शब्दालङ्कार।

(B) अर्थालङ्कार।

(C) उभयालङ्कार।

(D) उपमा अलङ्कार।

(x) प्रसङ्गले आएको विषय (उपमेय) लाई शब्दले नभनी त्यसको बद्लामा विषयी (उपमान) को मात्र उल्लेख गरिन्छ भने त्यहाँ कुन अलङ्कार हुन्छ ?

(A) उपमा अलङ्कार।

(B) अनुप्रास अलङ्कार।

(C) श्लेष अलङ्कार।

(D) अतिशयोक्ति अलङ्कार।

(xi) साधारण धर्म भनेको ____________ को एउटा अङ्ग हो।

(A) अतिशयोक्ति अलङ्कार।

(B) अर्थालङ्कार।

(C) उपमा अलङ्कार।

(D) शब्दालङ्कार।

(xii) मगण र नगणको गणचिह्न क्रमश: ____________ हुन्छ।

(A) ऽऽऽ, ।ऽऽ

(B) ऽऽऽ, ।ऽ।

(C) ।।।, ऽऽऽ

(D) ऽऽऽ, ।।।

**2.** निम्नलिखित काव्यांश पढ़ेर सोधिएका बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प चुनेर लेख्नुहोस्। *8×1=8*

ऋतु हुन् अरु पाँचोटा, वसन्त ऋतुराज हो।
लोक गौरवले भर्नु यसैको मुख्य काज हो ॥
वसन्तमा समानै छन् ठण्डी गर्मी दुवै गुण।
तुल्य-तुल्य दया-दण्ड राजाका हुन् विभूषण ॥
देखिन्छ नाऽतिशीतोष्ण महिमा ऋतुराजको।
दया-दण्डज्ञ राजाको नीति झैँ राजकाजको ॥

पशुपक्षी लतावृक्षलगायत चराचर ।
ऋतुनायकको गर्छ प्रेमले स्वाऽऽगताऽऽदर ॥
सेतो कमलको छाता मञ्जरीमय चामर ।
ऋतुराजत्वका चिह्न देखिन्छन् अति सुन्दर ॥
भुमराहरू वीणाको दिव्य झङ्कार गर्दछन् ।
गुणगायक भै पक्षी गानमा तान भर्दछन् ॥
बर्र-बर्र लतावृक्ष लावा झैँ फूल छर्दछन् ।
पुतली नर्तकीतुल्य नाचदै अघि सर्दछन् ॥
मलयाऽचलको वायु लगातार सिरीसिरी ।
कलिला पालुवारूप पङ्खा हम्कन्छ सुस्तरी ॥
सजायेको छ सर्वत्र दिव्य सौन्दर्यको रथ ।
शान्तिको जल छर्केको खुला आनन्दको पथ ॥
सारा वन बगैंचामा सजायेको छ आसन ।
ऋतुराज उतैबाट गर्छ त्यो शुभशासन ॥
दिव्य आनन्दको रङ्ग, दिव्यकान्ति तरङ्ग छ ।
दिव्य उन्नतिको ढङ्ग, दिव्य सारा प्रसङ्ग छ ॥
त्यो दिव्य रङ्ग पायेका लतावृक्ष वनस्पति ।
देखिन्छन् योग्य नेताका रैती झैँ उन्नताऽऽकृति ॥
सानातिना सबैमाथि फैलियेको छ गौरव ।
योग्यको आड़ पायेको बिग्रला को कहाँ कब ?
पर्दा वसन्तको दिव्य प्रभाव पृथ्वी सब ।
विवेकज्योतिले शुद्ध विद्यातुल्य बनिन् अब ॥
हजारौँ मुख भै निस्के लतावृक्षादि हालमा ।
लयावस्था बिताएका जीव झैँ सृष्टिकालमा ॥
आँकुरा, पिपिरा, साना, काइना, चिउला, टुसा ।
निस्के झपक्क सर्वत्र साहै कलकलाउँदा ॥

(i) एक वर्षमा कतिवटा ऋतुहरू हुन्छन् ?

(A) ६ वटा।

(B) ४ वटा।

(C) ५ वटा।

(D) १० वटा।

(ii) सेतो कमल फुलेको बेला कस्तो देखिन्छ ?

(A) उज्यालो।

(B) फूलजस्तो।

(C) छाताजस्तो।

(D) घाँसजस्तो।

(iii) भमराहरूले वीणाको दिव्य झङ्कार दिइरहेको बेला गाना गाउने कार्य कसले गरेको जस्तो लाग्छ ?

(A) मौरीले।

(B) पंक्षीले ।

(C) गायकले।

(D) फूलले ।

(iv) पुतलीहरू नर्तकीतुल्य कतिबेला देखिन्छन् ?

(A) बिहानीको समयमा।

(B) रात परेपछि।

(C) घाम लागेको बेलामा।

(D) लतावृक्षबाट बर्र-बर्र फूल लावा झैँ झरेको बेलामा ।

(v) दिव्य रङ्ग पाएका लता-वृक्ष-वनस्पति कस्ता देखिन्छन् ?

(A) योग्य नेताका रैती जस्तै ।

(B) रैतीका अयोग्य नेता जस्तै ।

(C) विवेकी मानिस जस्तै ।

(D) राजा जस्तै ।

(vi) 'आँकुरा, पिपिरा, साना, काइना, चिउला' कस्ता शब्द हुन् ?

(A) वनस्पति कलिला र भर्खर पलाउँदै गरेका मुना सम्बन्धित शब्द ।

(B) जड़िबुट्टीसँग सम्बन्धित शब्द ।

(C) ठाउँ विशेषका शब्द ।

(D) वसन्त ऋतुका पर्यायवाची शब्द ।

(vii) उक्त काव्यांशका रचनाकार को हुन् ?

(A) राजेन्द्र भण्डारी ।

(B) बालकृष्ण सम ।

(C) लेखनाथ पौड़्याल ।

(D) लक्ष्मीप्रसाद देवकोटा ।

(viii) उक्त पङ्कति कुन ऋतुबाट निकालिएको हो ?

(A) हेमन्त ऋतुबाट ।

(B) वसन्त ऋतुबाट ।

(C) ग्रीष्म ऋतुबाट ।

(D) वर्षा ऋतुबाट ।

## भाग – दुई
## वर्णनात्मक प्रश्नहरू

**3.** निम्नलिखित प्रश्नका संक्षेपमा उत्तर लेख्नुहोस्। *5×2=10*

(i) जुनेली रेखा उपन्यासमा रहेका कुनै चार पात्रहरूको नाम लेख्नुहोस्।

(ii) हट्टाबाहर भन्नाले के बुझिन्छ ?

(iii) मालिनीले राघे बिरालो र पुतलीबाट कसरी कमान छोड़ेर भाग्ने प्रेरणा पाई ?

(iv) जुनेली रेखा उपन्यासमा कुन-कुन दुईवटा कमानको नाम छ ?

(v) धनेको मृत्यु के भएर भएको थियो ?

**4.** निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्। *3×2=6*

(i) लेखनाथ पौड्यालालाई कुन उपाधिले सम्मानित गरिएको थियो ?

(ii) बालकृष्ण समका कुनै दुई कृतिहरूको नाम लेख्नुहोस्।

(iii) पारिजातको अर्को नाम के हो ?

निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।

**5.** 'म' पात्र किन उज्यालीको निम्तोमा अत्यन्त खुशी भएको थियो ? *2*

**6.** रानु विमलनाथलाई देख्नासाथ किन बोल्न सकेकी थिइन ? *2*

**7.** सानी शिथिल र क्लान्त हुनाको कारण के हो ? *2*

**8.** रानुले ईश्वरलाई कसरी परिभाषित गरेकी छे ? *3*

**9.** (a) यात्री सामान्य परिवारको हो भन्ने अनुमान सानीले कसरी लगाई ? *3*

**अथवा**

(b) उज्यालीले नानीहरू नहुने औषधि किन सेवन गरेकी थिई ?

निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।

**10.** कुन पर्वमा नेपालीहरूले सयपत्री फूलको प्रयोग अधिक मात्रामा गर्छन् ? *2*

**11.** निबन्धकार विष्णुराम राईले सयपत्री फूललाई के-केसँग तुलना गरेका छन् ? *2*

**12.** हाइ-हाइ अङ्ग्रेजी निबन्धले के भन्न खोजेको छ ? *4*

निम्नलिखित प्रश्नहरूका संक्षेपमा उत्तर लेख्नुहोस्।

**13.** नाटक भनेको के हो ? *2*

**14.** नाटकको सफलता र असफलताको बारेमा कासेलभेत्रोले के भनेका छन् ? *3*

**15.** बन्दिनीले विरोध जनाउनुको कारण के थियो ? *3*

**16.** निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्। *3×2=6*

(i) भाषा भनेको के हो ?

(ii) रुद्रराज पाण्डे र इन्द्रबहादुर राईका एक-एकवटा उपन्यासको नाम लेख्नुहोस् ?

(iii) नेपाली उपन्यासको पहिलो मौलिक उपन्यास कुन हो ?

**17.** तल दिइएको **कुनै एक** विषयमा लगभग 150 शब्दभित्रको निबन्ध लेख्नुहोस्। *5*

- वसुधैव कुटुम्बकम्
- सञ्जालको सदुपयोग

**18.** (a) विज्ञानको विकास बारे जानकारी गराउँदै आफ्नो बहिनीलाई एउटा पत्र लेख्नुहोस्। *5*

**अथवा (OR)**

(b) गाउँमा एउटा ग्रामीण पुस्तकालय खोल्ने अनुरोधका साथ सहायताको निम्ति जिल्लापाललाई एउटा निवेदन लेख्नुहोस्।